महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

मिति : २०७७/०२/०८

**माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको तीन वर्षको अवधिमा महालेखापरीक्षकको कार्यालयबाट सम्पादित प्रमुख कार्यहरु**

सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधान बमोजिम मिति २०७४/०२/०८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा "दंगालज्यू" ले कार्यभार सम्हाल्नु भएको २०७७/०२/०८ गते तीन पूरा भई चौथो वर्ष प्रवेश भएको छ । यस अवधिमा भएका सुधारका प्रमुख क्षेत्र र सम्पादित कार्यहरु देहाय बमोजिम छन् :

## १. वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण

- यस अवधिमा नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५५ औं (२०७३/७४) र ५६ औं (२०७४/७५) वार्षिक प्रतिवेदन पेश गरिएको ।
- ५६ औं वार्षिक प्रतिवेदन संघीयता कार्यान्वयन पश्चात तीनै तह (संघ, प्रदेश र स्थानीय तह) को सरकारको एकीकृत रुपको पहिलो प्रतिवेदन भएको ।
- आर्थिक वर्ष २०७४/७५ को प्रदेश सरकार तथा मातहतका निकायको लेखापरीक्षण सम्पन्न गरी प्रथम पटक प्रदेशगत रुपमा तयार पारेको वार्षिक प्रतिवेदन सातै प्रदेशका प्रदेश प्रमुखज्यू समक्ष पेश गरिएको ।

- स्थानीय तहको आर्थिक कारोबारको लेखापरीक्षण गरी आर्थिक वर्ष २०७३/७४ मा ७३८ र २०७४/७५ मा ७४७ स्थानीय तहको छुट्टाछुटै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएको ।
- कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका निकायको छुट्टाछुट्टै कार्यमूलक लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएको ।
- सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्यांकन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार पारिएको ।
- आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्य सम्पन्न भए तापनि विश्वव्यापी रुपमा देखा परेको कोरना भाइरस संक्रमण र बन्दाबन्दीका कारण सम्मानननीय राष्ट्रपतिज्यू तथा प्रदेश प्रमुखज्यूहरु समक्ष पेश गर्ने महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन र प्रदेशगत वार्षिक प्रतिवेदन तयारी कार्य अन्तिम चरणमा पुगेको ।

## २. संगठन संरचना र दरबन्दी

- नेपालको संविधान र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्न र प्रदेशस्तरसम्म कार्यालय स्थापना गर्ने प्रयोजनका लागि व्यवस्थापन सर्वेक्षण तथा नयाँ संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५ आषाढ ३२ गते स्वीकृती भएको ।
- स्वीकृत संगठन संरचना अनुसार कार्यालयको कुल कर्मचारी दरबन्दी संख्या ४४८ बाट वृद्धि भई ६१४ पुगेको छ । जस अनुसार महालेखापरीक्षकको कार्यालयमा उप महालेखापरीक्षकको नेतृत्वमा ४ लेखापरीक्षण विभाग, नायव महालेखापरीक्षकको नेतृत्वमा ३ प्रादेशिक सहित १४ लेखापरीक्षण महानिर्देशनालय र माननीय महालेखापरीक्षकज्यूको सचिवालय सहित ४० वटा निर्देशनालयहरु रहने व्यवस्था गरिएको ।
- उक्त संगठन संरचना अनुसार थप भएका दरबन्दीमा ६३ जना लेखापरीक्षण अधिकारी र ४६ जना लेखापरीक्षण अधीक्षक गरी जम्मा १०९ जना कर्मचारीहरु लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवाको माध्यमबाट पदपूर्ति भएको ।

- महालेखापरीक्षकको कार्यालयको पहुँच वृद्धिका लागि ७ वटा प्रादेशिक कार्यालय स्थापनाका निमित्त ४ उप महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी र अन्य कर्मचारी सहित ६४३ जनाको संगठन संरचना स्वीकृतीका लागि मिति २०७६/११/२९ मा नेपाल सरकार समक्ष पेश गरिएको ।

## ३. कानूनी तथा नीतिगत व्यवस्था

- नेपालको संविधान अनुसार लेखापरीक्षण कानूनलाई समयानुकुल बनाउन लेखापरीक्षण ऐन, २०७५ सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई मिति २०७५ चैत्र १५ गते राजपत्रमा प्रकाशन भएकोमा यस ऐनमा थप गरिएका केही महत्वपूर्ण व्यवस्थाहरु देहाय बमोजिम छन् :

  क) साविकको लेखापरीक्षण ऐन, २०४८ मा लेखापरीक्षण गर्ने विषयहरु १९ वटा रहेकोमा हालको लेखापरीक्षण ऐन, २०७५ को दफा ८ मा लेखापरीक्षण गर्ने १२ विषयहरु थप भई ३१ वटा पुगेको ।

  ख) ऐनको दफा ९(२) अनुसार महालेखापरीक्षकले उपयुक्त ठानेमा आफ्नो कार्यक्षेत्र भित्रको कुनै पदाधिकारीले वित्तिय जवाफदेहिता बहन गरे नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्ने ।

  ग) ऐनको दफा १८(१) अनुसार महालेखापरीक्षकले आफैँले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार संघ तथा प्रदेशमा कार्यालय स्थापन गर्न सक्ने ।

  घ) ऐनको दफा १९(४) अनुसार महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने र उपदफा (४) बमोजिम पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने ।

  ङ) ऐनको दफा १९(६) अनुसार चल वा अचल राष्ट्रिय सम्पत्तिको ठूलो हानि-नोक्सानी भएको वा तत्कालै कारबाही नगरे त्यस्तो हानि-नोक्सानी हुन सक्ने देखिएमा महालेखापरीक्षकले जुनसुकै बेला त्यस्तो कारोबारको लेखापरीक्षण गरी राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्नसक्ने ।

च) ऐनको दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने तथा उक्त प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने ।

छ) यसका अलावा ऐनमा विविध विषय र सामयिक लेखापरीक्षण, अनुदान र सहायताको लेखापरीक्षण, महालेखापरीक्षकले निर्देशन दिनसक्ने, कारबाहीका लेखी पठाउन सक्ने, उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कार दिनसक्ने, अधिकार प्रत्यायोजन, नियम बनाउन सक्ने तथा मानदण्ड वा निर्देशिका जारी गर्नसक्ने लगायतका थप व्यवस्थाहरु भएको ।

- लेखापरीक्षणसँग सम्बन्धित कानूनी तथा नीतिगत पक्षमा सुधार गर्ने सम्बन्धमा आवश्यक लेखापरीक्षण नियमावली, लेखापरीक्षण सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी नियमावली, लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधिहरुको मस्यौदा तयार गरी त्यसलाई अन्तिम रुप दिने कार्य भईरहेको ।
- लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, संगठनात्मक सुधार लगायतका विषयसँग सम्बन्धित ११० क्रियाकलापहरु समावेश गरी ल्याइएको महालेखापरीक्षकको कार्ययोजना ( २०७४-२०८०) कार्यान्वयनमा रहेको ।
- स्थानीय तहको लेखापरीक्षण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय तहको लेखापरीक्षण सम्बन्धी निर्देशिका, २०७६ जारी गरिएको ।
- साविकको बेरुजू वर्गीकरण निर्देशिकालाई परिमार्जन गरी बेरुजू वर्गीकरण निर्देशिका, २०७६ जारी गरिएको ।
- विभिन्न विषयगत क्षेत्रका लेखापरीक्षण मार्गदर्शन र मानदण्डहरु अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकुल हुने गरी अद्यावधिक, परिमार्जन र तर्जुमा गर्ने कार्य भईरहेको ।

## ४. भौतिक पूर्वाधार तथा स्रोत साधन

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७४ मंसिर १८ गते शिलान्यास भएको काठमाण्डौं, अनामनगरस्थित कार्यालय भवनको बाहिरी संरचना निर्माण कार्य सम्पन्न भई भित्री संरचना निर्माणको कार्य समेत अन्तिम चरणमा पुगेको ।

- वि.सं. २०७२ को विनासकारी भूकम्पबाट बबरमहल स्थित साविकको कार्यालय भवनमा क्षति भएको अवस्थामा बबरमहलको क्षतिबाट बचेको भाग, पुल्चोक स्थित कर्मचारी संचय कोष, अनामनगर स्थित आफ्नै र काठमाण्डौं उपत्यका विकास प्राधिकरण, ताहचल स्थित नेपाल ट्रष्ट लगायतका भवनबाट कार्यालय संचालन एवं व्यवस्थापनको कार्य गरिएको ।
- यस अवधिमा कार्यालयमा थप १२ वटा चार पाङ्ग्रे र ५० वटा दुई पाङ्ग्रे गरी जम्मा ६२ वटा सवारी साधनहरु प्राप्त गरी दैनिक कार्य सञ्चालनमा ल्याईएको ।
- स्थलगत लेखापरीक्षण कार्य सहजताका लागि यो वर्ष ५० वटा ल्यापटप खरिद गरी कार्यालयमा कार्यरत अधिकांश कर्मचारीहरुलाई ल्यापटप सुविधा उपलब्ध गराई सकिएको ।

## ५. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासकालागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिईएको ।
- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमता समेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिको अवलम्बन गरिएको ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि र अन्य विविध विषयको लेखापरीक्षणलाई जोड दिने नीति अवलम्वन गरिएको ।
- नियमनकारी निकायहरुको लेखापरीक्षणमा विशेष ध्यान दिदैं पूर्ण सरकारी स्वामित्वका संगठित संस्थाहरुको लेखापरीक्षणकालागि आवश्यक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको ।

- सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरुसंग नियमित अन्तरक्रिया तथा छलफलको माध्यमबाट गुणस्तरीय र विश्वसनीय प्रतिवेदन तयारीकालागि निर्देशन दिइएको ।
- कार्यमूलक लेखापरीक्षणकालागि आवश्यक सूचना संकलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको ।
- लेखापरीक्षण कार्यको समग्र अनुगमनकालागि अनुगमन तथा निरीक्षण निर्देशनालयको स्थापना र परिचालन गरिएको ।
- लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरीवेक्षणका अलवा विद्युतीय माध्यमबाट समेत लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व निकायको छनौटका आधारमा सुपरीवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट गुणस्तर पुनरावलोकन गर्ने कार्यलाई प्राथमिकता दिईएको ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरु उपर केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरु छलफल तथा अन्तरक्रिया गर्ने गरिएको ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा बिस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलवा अन्य सम्बन्धित महानिर्देशनालयबाट समेत कार्यमूलक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिएको ।
- सूचना प्रविधि लेखापरीक्षणलाई विशेष महत्व दिई लेखापरीक्षण कार्यमा अन्तर्राष्ट्रिय विज्ञहरुको समेत संलग्नता गराईएको ।

## ६. संस्थागत सुदृढीकरण

- लेखापरीक्षणका क्षेत्रमा सहयोग गर्न तथा महालेखापरीक्षकको कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनका लागि विश्व बैंकको सहयोगमा रु.४० करोड खर्चगर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना मिति २०७५ आषाढ १३ देखि कार्यान्वयनमा आएको ।

- आयोजना अन्तर्गत समावेश भएका मुख्य क्रियाकलापहरु कार्यान्वयनका लागि परामर्शदाता छनौट गरी सम्झौता अनुसारको कार्य सम्पादन गर्न परिचालन गरिएको ।
- तीन वर्षको लागि सञ्चालन हुने उक्त आयोजनाले हाल लेखापरीक्षण मानदण्डमा समसामयिक सुधार गर्ने, लेखापरीक्षणलाई थप प्रभावकारी र गुणस्तरीय बनाउने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधि आधारित विद्युतीय लेखापरीक्षण प्रणाली कार्यान्वयनमा ल्याउने, लेखापरीक्षणमा नागरिक सहभागिता अभिवृद्धि गर्ने लगायतका कार्यहरु सम्पदान गर्दै आएको ।
- आयोजनाको प्रथम चरण अन्तर्गत कार्यालयको दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउने सूचना प्रविधिसँग सम्बन्धित ल्यापटप, कम्प्युटर, प्रिन्टर लगायतका सामानहरु खरिद गरिएको ।

## ७. जनशक्ति तथा क्षमता विकास

- कर्मचारी क्षमता विकासका लागि आन्तरिक तालिम तथा स्वदेशी कार्यक्रममा कर्मचारीको सहभागिता गराउने कार्यलाई निरन्तरता दिईएको ।
- ३ वर्षको अवधिमा ३७९ कर्मचारीको विभिन्न स्वदेशी तालिम/सेमिनार/गोष्ठीमा सहभागिता भएको ।
- यस अवधिमा लेखापरीक्षणसँग सम्बन्धित वैदेशिक तालिम, गोष्ठी तथा कार्यक्रमहरुमा २१४ जना कर्मचारीको सहभागिता भएको ।
- ३ कर्मचारी मित्रराष्ट्र चीन, १ कर्मचारी जापान र १ कर्मचारी दक्षिण कोरियाबाट स्नातकोत्तर तह उर्त्तिण भई स्वदेश फिर्ता भएका ।
- त्यसैगरी २ कर्मचारी मित्रराष्ट्र चीन र १ कर्मचारी जापानमा स्नाकोत्तर तह अध्ययनरत रहेका ।
- कार्यमुलक लेखापरीक्षणलाई सहभागितात्मक बनाउने प्रयोजनका लागि प्रदेशगत रुपमा २६६ जना व्यक्तिहरुलाई लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरिएको ।

## ८. वित्तिय अनुशासन र जवाफदेहिता

- नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्बभन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिँदा महालेखापरीक्षकको कार्यालयबाट वित्तीय अनुशासन

पालनाको विवरण लिई वित्तीय जवाफदेहिता पालनास्तर समेतको आधार लिने पद्दति कार्यान्वयनको प्रकृयामा रहेको ।

- कार्यालय र जिम्मेवार पदाधिकारीको वित्तीय जवाफदेहिताको स्तर मूल्यांकन गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गर्ने कार्यको शुरुवात भएको ।
- निकायगत रुपमा जिम्मेवार लेखाउत्तरदायी अधिकृत र सार्वजनिक संस्थानका प्रमुखलाई जवाफदेही बनाउन निजको नाम र कार्य अवधि सहितको विवरण वार्षिक प्रतिवेदन मार्फत सार्वजनिक गर्न थालिएको ।
- विगत वर्षदेखि लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्था, कार्यालय र निकायको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखी बक्यौता लेखापरीक्षण कार्यमा थप ध्यान केन्द्रीत गरिएको तथा लेखापरीक्षण नगराउने निकाय वा पदाधिकारी उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित तालुक निकायलाई पत्राचार गरिएको । त्यस्ता निकाय र पदाधिकारीहरुको नाम सहितको विवरण प्रतिवेदन मार्फत सार्वजनिक गर्ने कार्यको थालनी गरिएको ।

## ९. संस्थागत सम्बन्ध

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ५९ औं र ६० औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको ।
- तत्कालीन सम्माननीय सभामुख श्री कृष्णबहादूर महराज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ६१ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको ।
- सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायधीशज्यू, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू लगायतका पदाधिकारीहरुसँग लेखापरीक्षणका विविध पक्षहरु बारे छलफल गरी प्राप्त सुझाव समेतका आधारमा लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गरिएको ।
- सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, प्रदेशसभाका माननीय सभामुख र उप-सभामुखज्यूहरु तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु

लगायत संघ, प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारीहरुसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई निरन्तरता दिईएको ।

- गत वर्ष विभिन्न १५ जिल्लामा ३६ वटा र यस वर्ष ६ जिल्लामा २३ वटा अन्तरक्रिया कार्यक्रम मार्फत सरोकारवाला पदाधिकारीलाई लेखापरीक्षणका विविध विषयमा प्रत्यक्ष छलफल गरिएको ।
- संघीय संसदको संसदको सार्वजनिक लेखा समितिसँग निकट समन्वय र सम्पर्कमा रही लेखापरीक्षणका विषय उपर पूर्व जानकारी गराउने तथा वार्षिक प्रतिवेदनमाथी हुने छलफलमा कार्यालयका विभिन्न पदाधिकारीबाट सहभागिता हुँदै आएको ।
- लेखापरीक्षणका विविध पक्ष र प्रदेश सार्वजनिक लेखा समितिको भूमिका सम्बन्धमा प्रदेशस्थित सार्वजनिक लेखा समितिका सभापति र सदस्यसँग छलफल तथा अन्तरक्रिया गर्दै सम्बन्धित प्रदेशको लेखापरीक्षण प्रतिवेदन उपर हुने छलफल कार्यमा समन्वयात्मक भूमिका निर्वाह गरिएको ।
- संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशील संस्थाहरुसँग सहकार्य गर्ने नीति अनुसार कार्य सम्पादन गर्दै आएको ।

## १०. अन्तर्राष्ट्रिय सम्बन्ध

- भियतनामको राजधानी हनोईमा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को १४ औं साधारण सभाबाट नेपाल सन् २०१८ देखि ३ वर्षका लागि गभर्निङ्ग बोर्डको सदस्यमा पुनः निर्वाचित भएको ।
- दिगो विकास लक्ष्य सम्बन्धी संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा आयोजित कार्यक्रममा महालेखापरीक्षक सहितको प्रतिनिधी मण्डलले विगत तीन वर्षदेखि नियमित भाग लिएको ।
- रसियाको राजधानी मस्कोमा आयेजित सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठनको २३ औं महासभामा नेपालका माननीय महालेखापरीक्षक सहितको प्रतिनिधी मण्डलले भाग लिएको ।

- ईजरायलको जेरुसेलममा आयोजित एसियाली मुलुकका सर्बोच्च लेखापरीक्षण संस्थाहरुको सम्मेलनमा माननीय महालेखापरीक्षक सहितको प्रतिनिधमण्डलले भाग लिएको ।
- थाईल्याण्डका State Audit Commissioner, Mr. Sansern Poljieak सहितको टोलीले नेपालको भ्रमण गरेको अवसरमा नेपाल र थाइल्याण्डका सर्वोच्च लेखापरीक्षण संस्थाबीच हुन सक्ने द्धिपक्षीय सहयोग र समझदारीका बारेमा छलफल भई समझदारी पत्रको मस्यौदा तयार भएको ।
- लेखापरीक्षणका असल अभ्यासहरुको आदान-प्रदान तथा आपसी हितका लागि माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र पाकिस्तानको तर्फबाट मित्रराष्ट्र पाकिस्तानका महालेखापरीक्षक श्री जाभेद जेहान्गिरबीच एक समझदारी पत्रमा हस्ताक्षर गरिएको ।
- यस वर्ष भुटानका महालेखापरीक्षक श्री दासो छिरिङ्ग केजाङको नेतृत्वको टोलीले नेपालको भ्रमण गरेको । उक्त अवसरमा नेपाल र भुटानका द्धिपक्षीय हित र साझा चासोका विषयमा छलफल भई दुई संस्थाकाबीचमा हुन सक्ने सहयोग र समझदारीको खाका तयार गर्न दुबै संस्थाका पदाधिकारी सम्मिलित एक कार्यदल गठन भएको ।
- विश्व बैंक समूहका Vice-President and Auditor General Ms. Anke D' Angelo को नेपालको भ्रमणको अवसरमा महालेखापरीक्षकको कार्यालयमा समेत उहाँको भ्रमण भएको । उक्त अवसरमा सार्वजनिक वित्तीय प्रशासन र आर्थिक अनुशासन, जिम्मेवारी र जवाफदेहिताको विषयमा वृहद अन्तरक्रिया सम्पन्न भएको । सो अवसरमा उहाँले नेपालको महालेखापरीक्षकको कार्यालयले सुशासन र पारदर्शिताको पक्षमा गरेका कामको उच्च मूल्यांकन गर्नु भएको ।
- महालेखापरीक्षकको कार्यालय र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन ( इन्टोसाई) अर्न्तगतको इन्टोसाई डेभलप्मेन्ट इनिसियटिभ (IDI) को संयुक्त आयोजनामा अन्तर्राष्ट्रियस्तरको "SAI FIGHTING CORRUPTION", कार्यशाला अयोजना गरिएको ।
- महालेखापरीक्षकको कार्यालय र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको संयुक्त आयोजनामा गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी अन्तर्राष्ट्रियस्तरको कार्यशाला आयोजना गरिएको ।

- महालेखापरीक्षकको कार्यालय र International Budget Partnership को संयुक्त आयोजनामा लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि सम्बन्धी अन्तराष्ट्रियस्तरको गोष्ठी आयोजना गरिएको ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन तथा एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनका अन्य विविध कार्यक्रमहरुमा नेपालको तर्फबाट महालखोपरीक्षकको कार्यालयका विभिन्न पदाधिकारीहरुले सहभागिता जनाएको ।
- विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरु, विश्व बैंक समूह, एशियाली विकास बैंक, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरु लगायत यस क्षेत्रमा क्रियाशिल अन्तर्राष्ट्रिय निकायहरुसँग द्विपक्षीय सम्बन्ध कायम गरी आपसी हित र क्षमता विकासका कार्यलाई प्राथमिकता दिइएको ।

## ११. सूचना तथा संचार

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश भए पश्चात् पत्रकार सम्मेलन गरी विभिन्न माध्यमबाट प्रतिवेदन सार्वजनिक गर्ने गरिएको ।
- कार्यालयका काम-कारबाही र गतिविधिहरु बारे जानकारी गराउन नियमित रुपमा प्रेस विज्ञप्ति मार्फत सूचना प्रवाह गर्ने गरिएको ।
- वित्तीय अनुशासन र लेखापरीक्षणसँग सम्बन्धित विविध विषयमा यस क्षेत्रमा क्रियाशील पत्रकारलाई प्रशिक्षण दिइएको ।
- प्रत्येक जिल्ला तथा स्थानीय तहका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षणका विविध विषयमा स्पष्ट गर्ने उद्देश्यले स्थलगत लेखापरीक्षण टोली मार्फत् छलफल तथा अन्तरक्रिया गर्ने व्यवस्था मिलाईएको ।
- लेखापरीक्षण र वित्तीय जवाफदेहिता सम्बन्धी गतिविधिहरु समावेश गरी नियमित रुपमा लेखापरीक्षण बुलेटिन, लेखापरीक्षण पत्रिका, वार्षिक प्रगति प्रतिवेदन, सूचनामूलक ब्रोसर आदीको प्रकाशन र वितरणका साथै टेलिभिजन कार्यक्रम सञ्चालन गरिएको ।

## १२. लेखा ढाँचा र फाराम

- प्रदेश तथा स्थानीय तहका संरचनामा समेत अनुकूल हुने गरी महालेखानियन्त्रकको कार्यालयले संशोधन तथा परिमार्जन गरी अर्थ मन्त्रालय मार्फत पेस गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदनको ढाँचा (म.ले.प.फा.नं. २१० (क) तथा म.ले.प.फा.नं. २१०(ख) महालेखापरीक्षकबाट क्रमशः मिति २०७५ भाद्र ५ र मिति २०७५ मार्ग ९ मा स्वीकृत भई कार्यान्वयनमा आएको ।
- संघ, प्रदेश र स्थानीय तह तीन वटै सरकारका विद्यमान लेखा र प्रतिवेदन ढाँचामा परिवर्तन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुप संशोधन, परिमार्जन र थप समेत गरी महालेखानियन्त्रक कार्यालयले पेश गरेका १४१ वटा लेखा ढाँचाहरु २०७६ जेष्ठ १९ मा माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई कार्यान्वयनमा आएको ।

विष्णुप्रसाद रिजाल
प्रवक्ता